"सुरक्षित भविष्यको लागि सञ्चय कोषको व्यवस्था गरौं।"

# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ६ । अंक २५ । २०७५ श्रावण - पौष ।

# कर्मचारी सञ्चय कोष ५७ औं वर्षमा प्रवेश

कर्मचारी सञ्चय कोष आफ्नो स्थापनाको ५७ औं वर्षमा प्रवेश गरेको छ। कोषले विभिन्न कार्यक्रमको आयोजना गरी भाद्र ३१ मा वार्षिकोत्सव मनाएको छ। यस अवसरमा समस्त सञ्चयकर्ता तथा शुभेच्छुक महानुभावहरुप्रति हार्दिक आभार प्रकट गरेको छ।

वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्नुहुँदै अर्थमन्त्री डा युवराज खतिवडाले कृषि, श्रमलगायत सबै क्षेत्रमा रोजगार गरिरहेकालाई कोषअन्तर्गत सामाजिक सुरक्षा प्रदान गर्न सरकारले गृहकार्य गरिरहेको बताउनुभयो । कर्मचारीले उत्पादकत्व बढाउन जोड दिनुपर्ने एवं पूँजी बजारलाई सञ्चालन गर्न सक्ने क्षमतामा कोष स्थापित हुनुपर्ने मन्त्री डा खतिवडाको भनाइ थियो।

कोष सञ्चालक समितिका अध्यक्ष शिशिरकुमार ढुङ्गानाले सबै किसिमका कोषलाई नियमन गर्ने निकाय स्थापनाको तयारीमा लागिएको बताउनुभयो। सचिव ढुंगानाले सामाजिक न्यायको सिद्धान्तअनुसार सञ्चयकर्तालाई सेवा सुविधा दिने तर्फ कोष अग्रसर रहेको बताउँदै उहाँले सञ्चयकर्ताको दिगोपनको लाभका बारेमा काम गर्ने विषयमा समेत छलफल भइरहेको जानकारी दिनुभयो।

कार्यक्रममा प्रशासक तुलसीप्रसाद गौतमले सबै क्षेत्रमा रोजगारी गरिरहेकालाई दायरामा ल्याउन लागिएको बताउनुभयो । सो अवसरमा पूर्वप्रशासक डा रमेशकुमार भट्टराई, नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष अर्जुनप्रसाद आचार्य, सञ्चय कोष कर्मचारी संघका अध्यक्ष




धर्मराज मैनाली र नेपाल राष्ट्रिय कर्मचारी सङ्गठनका अध्यक्ष रामप्रसाद राईले आ-आफ्नो बिचार राख्नु भएको थियो।

स्थापना दिवसको अवसरमा कोषले सबै संघसंस्था तथा कम्पनीलाई आफ्ना कामदार तथा कर्मचारीको सञ्चय कोष कट्टि गरी कोषमा आवद्ध गराउन आग्रह गर्दै आफ्नो कार्यक्षेत्र र दायरा विस्तार गर्ने जनाएको छ। आवास तथा पुर्वाधार विकासका क्षेत्रको लगानीलाई प्राथमिकता दिने, प्रविधिमैत्री र गुणात्मक सेवा दिने, सञ्चयकर्तालाई आकर्षक प्रतिफल सहित सामाजिक सुरक्षा प्रदान गर्ने र संगठनको संरचना पुनरावलोकन गरी कोषको संस्थागत क्षमता अभिवृद्धि गर्ने योजना रहेको कोषले जनाएको छ।

विविध सांस्कृतिक कार्यक्रम समेत सञ्चालन गरिएको कार्यक्रममा कोषको सेवामा कार्यरत कर्मचारीहरुमध्ये १५







वर्ष एवं २५ वर्ष सेवा अवधि पुरा गरेका कर्मचारीहरुलाई दीर्घसेवा पदक र २०७४ को एस.ई.ई. परीक्षामा उत्तिर्ण भएका कोषका कर्मचारी-सन्ततीलाई शैक्षिक पुरस्कार प्रदान गरिएको थियो। कार्यक्रममा कोषमा कार्यरत कर्मचारीलगायत वित्तीय क्षेत्रका प्रतिनिधि र अन्य आमन्त्रितहरुको उल्लेखनीय उपस्थिति रहेको थियो।

## कोष रकम तथा सञ्चयकर्ता सापटीहरुमा हाल कायम ब्याजदर :

| शीर्षक | ब्याजदर |
|---|---|
| सञ्चय कोष रकममा दिईने ब्याज | ८.२५ प्रतिशत |
| विशेष सापटी | ९.५० प्रतिशत |
| घर सापटी (चालिस लाख रुपैया सम्मको), शैक्षिक सापटी र घर मर्मत सापटी | ९.७५ प्रतिशत |
| घर सापटी (चालिस लाख रुपैया भन्दा माथि) | १०.२५ प्रतिशत |
| सरल चक्र कर्जा | १०.२५ प्रतिशत |

## सञ्चयकर्तालाई स्वास्थ्य बीमा



(संचयकर्ताको औषधी उपचारको लागि रु. १ लाख र घातक रोगको लागि रु. १० लाखसम्मको बीमा)

कर्मचारी सञ्चय कोष र राष्ट्रिय बीमा कम्पनीबीच कोषका सञ्चयकर्तालाई औषधोपचार तथा घातक रोगको उपचारको बीमा गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ।

समझदारीसँगै सो बीमा योजना यही मङ्सिर १ गतेदेखि लागू भैसकेको छ। कोषमा कोषकट्टी गराउँदै आएका सञ्चयकर्ताले बिरामी हुँदा औषधोपचारका लागि रु एक लाख र कडा खालका रोगको उपचारका लागि रु १० सम्म बीमाबापतको आर्थिक सहायता पाउनेछन्।

समझदारीले कोषमा नियमित कोषकट्टी रकम जम्मा गर्ने सञ्चयकर्ताका अतिरिक्त उमेर हद वा पदावधिका कारण अवकास भई सो मितिले छ वर्षसम्म कोष रकम भुक्तानी नलिएका सञ्चयकर्तालाई समेत समेटेको छ।

बिस्तृत पृष्ठ ३ मा

# सञ्चयकर्तालाई स्वास्थ्य बीमा

## औषधोपचारमा एक लाख तथा घातक रोगको उपचारमा १० लाखको सहुलियत

कर्मचारी सञ्चय कोष र राष्ट्रिय बीमा कम्पनीबीच कोषका सञ्चयकर्तालाई औषधोपचारमा एक लाख तथा घातक रोगको उपचारका लागि १० लाख रुपैयाँको बीमा गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। २०७५ कार्तिक २८ मा कोषका प्रशासक तुलसीप्रसाद गौतम र बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत वीरविक्रम रायमाझीले उक्त समझदारीपत्रमा हस्ताक्षर गर्नुभयो। सो बीमा योजना यही मङ्सिर १ गतेदेखि लागू भैसकेको छ। समझदारीसँगै कोषमा कोषकट्टी गराउँदै आएका सञ्चयकर्ताले बिरामी हुँदा औषधोपचारका लागि रु एक लाख र कडा खालका रोगको उपचारका लागि रु १० लाखसम्म बीमाबापतको आर्थिक सहायता पाउनेछन्।



समझदारी आगामी तीन वर्षसम्म कायम रहने र आपसी सहमतिमा अवधि थप गर्न सकिने हस्ताक्षर कार्यक्रममा बताइयो। समझदारीले कोषमा नियमित कोषकट्टी रकम जम्मा गर्ने सञ्चयकर्ताका अतिरिक्त उमेर हद वा पदावधिका कारण अवकास भई सो मितिले छ वर्षसम्म कोषबाट भुक्तानी नलिएका सञ्चयकर्तालाई समेत समेटेको छ।



समझदारीअनुसार ६ लाख कर्मचारीहरुका लागि बीमा शुल्क प्रतिवर्ष प्रतिसञ्चयकर्ता रु ४२० का दरले जम्मा रु २५ करोड २० लाख हुनेछ। बीमा अवधि समाप्त भई नवीकरण गर्दा अघिल्ला वर्षमा दाबी भुक्तानी भएको रकम र सञ्चयकर्ताको संख्यासमेतको आधारमा बीमा नवीकरण शुल्कमा पुनरावलोकन हुनेछ। बीमा शुल्कबापतको रकम कोषबाट एकमुष्ठ भुक्तानी भएको मितिदेखि कम्पनीले एक वर्षका लागि बीमालेख जारी गर्नेछ। घातक रोगको उपचारका लागि भएको वास्तविक खर्च वा १० लाख रुपैयाँमध्ये कम हुन आउने रकम प्रदान गरिने छ। सम्झौतामा हृदयाघात, मिर्गौला खराबी, अर्बुद, अल्जाइमर, पार्किङ्सन, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल एनिमिया र कलेजो रोगलाई घातक रोग मानिएको छ। यस्तै बीमा अवधिमा अधिकतम रु एक लाखमा नबढ्ने गरी न्यूनतम रु तीन हजार वा वास्तविक खर्चको १५ प्रतिशत कट्टा गरी एकै पटकमा वा पटकपटक गरी रु ३० हजारमा नबढ्ने गरी 'सर्जन' वा 'एनेस्थियाटिष्ट'को दस्तुर तथा शल्यक्रिया कक्षको शुल्कबापतको खर्च सञ्चयकर्तालाई प्रदान गरिनेछ।

सहमतिअनुसार एक वर्षमा अधिकतम् रु २० हजार (एक पटकको उपचारमा रु १० हजारसम्म) चिकित्सकको जाँच शुल्क, एक्सरे वा विशेषज्ञ सेवाशुल्क वा 'प्याथोलोजिस्ट' शुल्क वा रोग निदान उपकरण शुल्क प्रदान गरिनेछ। अस्पतालमा भर्ना शुल्क प्रतिदिन रु दुई हजारमा नबढ्ने गरी एक वर्षमा रु २५ हजारसम्म उपलब्ध गराइने छ। सर्जिकल सामग्री खरिदको लागि एक वर्षमा अधिकतम जम्मा रु आठ हजार, एक पटकमा रु पाँच हजार नबढ्ने गरी अधिकतम् रु १५ हजारसम्मको औषधि खरिद खर्च सञ्चयकर्ताले पाउनेछन्।

क्रमशः पृष्ठ १३ मा



# बीमा कार्यक्रमका मुख्य व्यवस्थाहरु

कर्मचारी सञ्चय कोषले कोषमा आवद्ध करिव ६ लाख सञ्चयकर्ताहरुको लागि ११ लाख रुपैयाँसम्मको औषधोपचार बीमा गर्ने भएको छ।



सामान्य औषधोपचारमा १ लाख र हर्ट अट्याक, किडनी फेलर, क्यान्सर, अल्जाईमर, पार्किन्सन, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकेल सेल एनिमिया र लिभर ड्यामेज जस्ता घातक रोगहरुको लागि १० लाख रुपैयाँ बराबरको बीमांकको कोष आफैले बीमा प्रिमियम तिर्ने गरी बीमा गर्ने भएको हो।

२०७५ कार्तिक २८ गते राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग समझदारी भए अनुसार यहि मंसिर १ गतेदेखि यो बीमा योजना लागु भैसकेको छ। बीमा कम्पनीको समझदारी अनुसार २०७५ मंसिर १ देखि दुर्घटना परी औषधोपचार गरेको खर्च मात्र शोधभर्ना हुने तर अन्य सामान्य रोगको हकमा २०७५ पौष १ देखि र घातक रोगको हकमा २०७५ फागुन १ गते देखि गरेको उपचार खर्चको मात्र शोधभर्ना हुने छ।

साविकमा कोषले लागु गरी रहेको औषधोपचार सहयोग कार्यक्रम अनुसार भने सामान्य रोगको हकमा २०७५ मंशिर ३० सम्म र घातक रोगको हकमा २०७५ माघ ३० सम्म गरेको उपचार खर्च पूर्ववत रुपमै तोकिएको समयभित्र सञ्चयकर्ताले शोधभर्ना लिन सक्नेछन्।

- सामान्य औषधोपचारमा १ लाख रुपैयाँ
- घातक रोगहरुको लागि १० लाख रुपैयाँ
- कोषले नै बीमा प्रिमियम तिर्ने
- मंसिर १ गतेदेखि बीमा योजना लागू
- बीमा शुल्क प्रति सञ्चयकर्ता ४२० रुपैयाँ

सञ्चयकर्ता औषधोपचार तथा घातक रोगको बिमा योजना कार्यान्वयन सम्बन्धमा अर्को व्यवस्था नभइञ्जेल सम्पर्क व्यक्तिको रुपमा कोषका प्रवक्तालाई तोकिएको छ। समझदारीपत्रमा सञ्चयकर्ता, दुर्घटना, विरामी, अस्पताल, अस्पताल भर्ना, चिकित्सक र घातक रोगलाई परिभाषित गरिएको छ। प्रारम्भमा बीमा गर्ने प्रयोजनका लागि सञ्चयकर्ताको कूल संख्या ६ लाख तोकिएको छ। उल्लेखित रकमको बीमाका लागि बीमा शुल्क प्रति वर्ष प्रति सञ्चयकर्ता ४२० रुपैयाँका दरले २५ करोड २० लाख रुपैयाँ (मूल्य अभिवृद्धि कर र टिकट शुल्क बाहेक) भुक्तानी कायम भएको छ। भुक्तानी भएको रकम र सञ्चयकर्ताको संख्याको आधारमा बीमा नविकरण शुल्कमा पुनरावलोकन हुने व्यवस्था समेत समझदारी पत्रमा उल्लेख छ। समझदारी पत्रमा बीमालेख अनुसारका सुविधाहरु अन्तर्गत विरामी सञ्चयकर्तालाई बीमा अवधिमा अधिकतम रु. १ लाखमा नबढने गरी बीमालेख बमोजिम न्युनतम रु. ३००० वा वास्तविक खर्चको १५ प्रतिशत कट्टा गरी प्रकरण ४ मा विभिन्न ८ थरीका सुविधा तोकिएका छन। समझदारी पत्र कार्यान्वयनका सवालमा बीमा कार्यक्रमको प्रचार प्रसार लगायत आवश्यकता अनुसार दुवै पक्षले बीमा दावी तथा भुक्तानी सम्बन्धि सूचनाहरु आदान प्रदान गर्नेछन।

भविष्यमा सञ्चयकर्ताको परिवार तथा अवकाश प्रापत सञ्चयकर्तालाई समेत समावेश गरी सम्बन्धित व्यक्तिले आवश्यक बीमा शुल्क तिर्ने गरी बीमा गर्न चाहेमा आवश्यक व्यवस्था गर्न र यस समझदारी पत्र बमोजिम बीमा योजनामा समावेश भई बीमा अवधिमा अवकाश भएका सञ्चयकर्ताले आफै बीमा प्रिमियम तिरी निरन्तरता दिन सक्ने गरी यो कार्यक्रमलाई परिमार्जन एवं विस्तार गर्न सकिने छ।

कोष र कम्पनीबीचको यो समझदारी आगामी ३ वर्षको लागि कायम रहने छ र आपसी सहमतिमा अवधि थप गर्न सकिने छ।

# ‘कोषमा नेतृत्व परिवर्तनसँगै नविनतम कार्यक्रमको शुरुवात’

कोषका प्रशासक तुलसीप्रसाद गौतमले कोही पनि सञ्चयकर्ताले आर्थिक जोखिम व्यहोर्नु नपरोस् र आर्थिक अभावकै कारण मृत्युवरण गर्नु नपरोस् भन्ने अभिप्रायले बीमा कार्यक्रम शुरु गरिएको बताउनु भएको छ। केन्द्रीय कार्यालय पुल्चोकमा आयोजित स्वास्थ्य बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा उहाँले सो कुरा बताउनु भएको हो। मंसिर १२ गते केन्द्रीय कार्यालय पुल्चोकमा कार्यक्रम सञ्चालन भएको थियो।

प्रशासक गौतमले कार्तिक २८ मा राष्ट्रिय बीमा कम्पनीसँग सो सम्बन्धि सम्झौता भएको जानकारी दिँदै सञ्चयकर्ता सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत कोषले नै बीमा प्रिमियम तिर्ने गरी कोषमा आवद्ध रहेका सञ्चयकर्ताहरुका लागि सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बीमा योजना मंसिर १ गतेदेखि लागू भएको बताउनु भयो। बीमा प्रिमियमको सम्पूर्ण दायित्व समेत कोषले व्यहोर्ने उहाँको भनाई थियो।

र मंसिर १ बाट कार्यक्रम लागू भइसकेको जानकारी दिनुभयो। कोषका मुख्य अधिकृत राजेन्द्र काफ्लेले स्वास्थ्य बीमा कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो। बीमा योजनामाथि नायब मुख्य अधिकृत अर्जुन कुमार गौतमले प्रस्तुती दिनुभएको थियो। का.मु. मुख्य अधिकृत जितेन्द्र धितालले सहभागीहरुको जिज्ञासा तथा प्रश्नको उत्तर दिनुभएको थियो।

कोषले लागू गरेका नयाँ कार्यक्रमको सराहना गर्दै विभिन्न निकायका प्रतिनिधिहरुले विभिन्न सुझाव तथा जिज्ञासा राख्नु भएको थियो।

निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनका अध्यक्ष पुण्य ढकालले सरकारभन्दा एक कदम अगाडी बढेर



कोषले मंसिर १ देखि नै नयाँ युगको शुरुवात गरेकोले कोष बधाई तथा धन्यवादको पात्र रहेको बताउनु भयो। कोषको नेतृत्व परिवर्तनसँगै नयाँ कार्यक्रमको शुरुवात हुनु स्वागतयोग्य भएको उहाँको भनाई थियो।

शान्ता गौतमले सञ्चालन गर्नु भएको कार्यक्रममा गृह मन्त्रालयका तारा डाँगी, अर्थ मन्त्रालयका सुनिता खनाल, बीमा कम्पनीका सृजना पन्त, नेपाल आर्मीका सुमन भण्डारी लगायतले बीमा कार्यक्रमको बारेमा विभिन्न जिज्ञासा राख्नु भएको थियो। भवन निर्माण तथा आवास व्यवस्थापन विभागको समन्वयमा सम्पन्न कार्यक्रममा अर्थ मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, बीमा संस्थान, निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनका प्रतिनिधि, कोषका अधिकारी लगायतको उपस्थिती रहेको थियो।

बीमा कार्यक्रम लागू भएसँगै सञ्चयकर्तालाई साधारण औषधोपचारको हकमा रु. एक लाखसम्म र घातक रोगको हकमा रु. १० लाखसम्म शोधभर्ना हुनेछ।



# का.मु.मुख्य अधिकृतमा जीतेन्द्र धिताल



कोषको रिक्त मुख्य अधिकृतको जिम्मेवारी जीतेन्द्र धितालले सम्हाल्नु भएको छ। नायव मुख्य अधिकृत धिताललाई मिति २०७५/०९/०६ देखि मुख्य अधिकृत पदमा कायम मुकायम मुकरर गरिएको हो। उहाँलाई संस्थागत व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ।

चार्टड एकाउन्टेन्ट पदमा २०६५ माघ २६ मा कोषको सेवामा प्रवेश गर्नुभएका धितालले केन्द्रीय लेखा तथा खर्च विभाग, आन्तरिक लेखा परीक्षण विभाग, परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग लगायतमा विभागीय प्रमुखको जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ।

## कर्मचारी सेवा शर्त नियमावली संशोधन

कोषमा लागू रहेको कर्मचारी सेवा शर्त नियमावली संशोधन भएको छ। कर्मचारीसँग सम्बन्धित साविकको व्यवस्थामा समयानुकुल सुधार गर्न नियमावली संशोधन गरिएको हो।

२०७५ असोज २३ मा जारी परिपत्रमा भनिएको छ, “कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७४ मा संशोधनका लागि कोष सञ्चालक समितिको मिति २०७४।१२।०१ को निर्णयानुसार नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष पठाइएकोमा नेपाल सरकार माननीय मन्त्रीस्तरको मिति २०७५।०६।२१ को निर्णयानुसार कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त (एघारौं संशोधन) नियमावली २०७५ स्वीकृत भएको छ।”

संशोधित नियमावलीमा व्यवस्था भए अनुसार कोषमा रिक्त पदपूर्ति तथा बढुवा सम्बन्धी प्रतिशतमा परिवर्तन गरिएको छ भने सेवा प्रवेशको शुरुवात तह ४ बाट हुने छ। शैक्षिक योग्यता तथा भौगोलिक क्षेत्र बापतको अंकमा समेत परिर्तन गरिएको छ।

यस्तै, कुनै महिला कर्मचारी सुत्केरी भए पछि वा सुत्केरी हुनु भन्दा अघि पछि गरी ९८ (अन्ठानव्वे) दिनको प्रसुती बिदा पाउन सक्ने व्यवस्था गरिएको छ।

साविकको कर्मचारी सेवा शर्त नियमावली, २०४८ लाई संशोधन गर्न बान्छनीय भएकोले, कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृतिमा कर्मचारी सञ्चय कोषको सञ्चालक समितिले उक्त नियम बनाइ लागू गरेको बताइएको छ।

# बेतन कर्णालीमा दीपक रौनियारको नियुक्ति



बेतन कर्णाली सञ्चयकर्ता हाईड्रोपार कम्पनी लिमिटेडको प्रबन्ध सञ्चालकमा कोषका मुख्य अधिकृत दीपक रौनियार नियुक्त हुनुभएको छ। कोष सञ्चालक समितिको मिति २०७५/०७/०८ को निर्णय बमोजिम मुख्य अधिकृत रौनियार मिति २०७५/०९/०५ देखि बेतन कर्णाली सञ्चयकर्ता हाईड्रोपावर कम्पनी लिमिटेडको प्रबन्ध सञ्चालकमा नियुक्त हुनुभएको हो।

कोषमा २०५२/०१/१८ मा सिष्टम मेनेजर प्राविधिक तह ८ बाट सेवा शुरु गर्नुभएका रौनियारले कोषका विभिन्न विभागमा सिनियर सिष्टम मेनेजर, नायव मुख्य अधिकृत तथा का.मु.मुख्य अधिकृतको जिम्मेवारी बहन गरीसक्नुभएको छ। उहाँले मिति २०६९/०७/२३ देखि २०७३/०७/२२ सम्म जलविद्युत लगानी तथा विकास कं. लि. मा प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी समेत निर्वाह गर्नुभएको थियो। ६८८ मेगावाटको उक्त आयोजनामा सञ्चयकर्ताको ४० प्रतिशत शेयर रहने छ। करिब ७० अर्ब रुपैयाँ लागतमा बन्ने यो आयोजनाले वार्षिक ४ अर्ब २६ करोड ५० लाख युनिट बिजुली उत्पादन गर्ने अनुमान गरिएको छ।

# विभागीय प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता

कर्मचारी सञ्चय कोषमा पहिलो पटक प्रशासक र विभागीय प्रमुखहरुबीच कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ। प्रशासक तुलसी प्रसाद गौतम र विभागीय प्रमुखहरुबीच मिति २०७५ मंसिर १० गते कार्य सम्पादन संझौतामा हस्ताक्षर भएको हो।

कार्य सम्पादन संझौतामा विभागले सम्पादन गर्नुपर्ने कार्य, सम्पादनको लक्ष्य, विभागको अधिकार, व्यबस्थापनको जिम्मेवारी, अनुगमन तथा मूल्याङ्कन प्रकृया, प्रोत्साहनको ब्यबस्था र मुल्याङ्कन अवधि समावेश गरिएको छ।

साथै सो संझौतामा सम्बन्धित विभागले पेश गरेको मासिक कार्य प्रगती विवरणको अनुगमन तथा मुल्याङ्कन गर्न कोषका प्रशासकको अध्यक्षतामा मुख्य अधिकृत र योजना, अनुगमन तथा मुल्याङ्कन विभागका विभागीय प्रमुख सदस्य रहेको एक समितिको ब्यबस्था गरिएको छ।



संझौतामा ९० प्रतिशत भन्दा बढी कार्यसम्पादन लक्ष्य हासिल भएमा उत्कृष्ट, ८० देखि ९० सम्म अति उत्तम,६० देखी ८० सम्म समान्य र ६० प्रतिशत भन्दा कम लष्य हासिल भएमा न्यून निर्धारण गरिने व्यवस्था उल्लेख गरिएको छ।

## कार्यालय प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता



कोषका प्रशासक तुलसी प्रसाद गौतम र काठमाण्डौ उपत्यका बाहिर रहेका ९ वटा शाखा कार्यालयका प्रमुखहरुसँग मिति २०७५।०६।०७ गते कार्य सम्पादन संझौता भएको छ। संझौतामा शाखा कार्यालय प्रमुखहरुको अधिकार, केन्द्रिय कार्यालयको जिम्मेवारी, कार्यसम्पादन मुलयाङ्कनका आधार एवं प्रकृया, प्रोत्साहनको ब्यबस्था र कार्यसम्पादन मुल्याङ्कन समिति समेतको ब्यबस्था गरिएको छ।

शाखा कार्यालयले गर्ने कार्यसम्पादन मुल्याङ्कनमा परिमाणात्मक र गुणात्मक कार्यको इकाई, भार र कार्यसम्पादन लक्ष निर्धारण गरिएको छ। जसमा संचयकर्ताको दायरा विस्तार, व्याज असुली, फाँटवारी इन्ट्री, KYC Update, खाता एकीकरण जस्ता कार्यविवरण उल्लेख गरिएका छन्।

## विभिन्न कार्यालयसँग कोषकट्टी सम्झौता










विभिन्न संगठित संस्था तथा कार्यालयहरु कोषमा आबद्ध हुने क्रम बढेको छ। कोषका विभिन्न शाखा कार्यालयहरुबाट चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म ५९१ वटा सञ्चयकर्ता कार्यालयहरुसँग सञ्चयकोष रकम कोषमा जम्मा गर्ने सम्झौता सम्पन्न भएका छन्।

# वार्षिकोत्सव कार्यक्रमको आयोजना



कर्मचारी सञ्चय कोषको ५७ औं वार्षिकोत्सवको अवसरमा धनकुटा शाखाले भदौ ३१ गते वार्षिकोत्सव कार्यक्रमको भव्य आयोजना गरेको छ।

धनकुटा जिल्लाका प्रमुख जिल्ला अधिकारी सीताराम कार्कीको प्रमुख आतिथ्यतामा आयोजित उक्त अन्तर्क्रियात्मक कार्यक्रममा जिल्लास्थित विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयहरु, बैङ्क तथा वित्तिय संस्थाहरु, शैक्षिक संस्थाहरु लगायत संगठित संस्थाका प्रतिनिधीहरु, सञ्चारकर्मी र सञ्चयकर्ताहरुको सहभागिता रहेको थियो। सहभागीहरुले कोषले प्रदान गर्ने सेवासुविधाबारे जिज्ञासा राख्दै सञ्चयकर्ता सापटीका क्षेत्रहरु विस्तार गर्नुपर्ने, शाखारहित सेवा सुरु गर्नुपर्ने लगायतका सुझावहरु दिएका थिए।

प्र.स. विश्वराज भण्डारीले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा प्र.स. बिना भट्टराईले शुभकामना मन्तव्य र प्र.स. मोहन काफ्लेले कोषका गतिविधिहरुको बारेमा जानकारी प्रदान गर्नुभएको थियो भने कार्यालय प्रमुख तेज प्रसाद खनालले सञ्चयकर्ताहरुको जिज्ञासाहरुको सम्बोधन गर्नुभएको थियो।

## नयाँ सञ्चयकर्ता कार्यालयसँग सम्झौता

शाखा कार्यालयले २०७५ कार्तिक १५ गते 'डा. रामप्रसाद पोखरेल आँखा अस्पताल (नेपाल नेत्रज्योति संघ), धनकुटा' सँग सञ्चय कोष रकम जम्मा गर्न सम्झौता गरेको छ। शाखा कार्यालय धनकुटामा सम्पन्न उक्त सम्झौतामा शाखा कार्यालयका प्रमुख र अस्पतालका व्यवस्थापकले हस्ताक्षर गर्नु भएको थियो।

## कोषका गतिविधिप्रति सञ्चयकर्ताहरुको चासो

पछिल्लो समयमा सञ्चयकर्ता स्वास्थ्य बिमाका साथै रसुवागढी, सान्जेन र मध्य भोटेकोशी हाइड्रोपावर कम्पनीको साधारण शेयरमा सञ्चयकर्ताको सहभागिता, बेतन कर्णाली हाइड्रोपावरमा शेयरको सुनिश्चितता जस्ता कारणले सञ्चयकर्ताहरुको कर्मचारी सञ्चय कोषप्रतिको अवधारणामा सकारात्मकता बृद्धि भएको पाइएको छ। कोषले गत वर्षदेखि शाखा कार्यालयबाटै फाँटवारी प्रविष्टिको सुरुवात गरेसँगै तुलनात्मक रुपमा हाल चाँडै कोषकट्टी रकम आफ्नो खातामा आउने गरेकोमा सञ्चयकर्ताहरुको सन्तुष्टि बढेको छ।

## युआरएलमा सञ्चयकर्तालाई छुट




सञ्चयकर्ताहरुले पोखराको युआरएलमा स्वास्थ्य जाँचमा छुट पाउने भएका छन्। कोषका सञ्चयकर्ता र कर्मचारीले स्वास्थ्य उपचारका लागि पोखरा सभागृहचोकमा रहेको युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रा.लि. (युआरएल)को सबै प्रकारको जाँचमा ३० प्रतिशत छुट पाउने छन्। यससम्बन्धी सम्झौतामा असोज २६ मा कोष शाखा कार्यालय पोखरा र युआरएलबीच पत्रमा हस्ताक्षर भएको छ।

सञ्चयकर्तालाई अत्युत्तम लाभ दिन र विभिन्न उद्योग, व्यवसाय, प्रतिष्ठानको सञ्चय कोषप्रति आकर्षण बढाउन यस्तो सम्झौता गरिएको कोषले जनाएको छ। युआरएलले सामाजिक उत्तरदायित्व वहन गर्दै गुणस्तरीय ल्याब सेवा दिन संस्था प्रतिवद्ध रहेको बताएको छ।

## सुन्धारा र लगनखेलमा भवन व्यवस्थापन एकाइ

कोषका काठमाण्डौ उपत्यकास्थित दुई भवनमा भवन व्यवस्थापन इकाइ खडा गरिएको छ। सुन्धारा तथा लगनखेलस्थित कोषका कमर्सियल कम्प्लेक्सका साबिकका भाडावालाहरुसँग भाडा सम्बन्धी करार भंग भएसँगै अन्तरिम व्यवस्थापनको लागि इकाइ खडा गरिएको हो। इकाइले अर्को टेण्डर प्रक्रिया सम्पन्न नभएसम्मको अन्तरिम समयको लागि भवनसँग सम्बन्धित भाडा तथा आन्तरिक पक्षको व्यवस्थापन गर्नेछ।

# एस.एम.एस. अलर्ट सेवा शुरु



कर्मचारी सञ्चय कोषले मिति २०७५।०९।१२ गते बाट संचयकर्ता कर्मचारीहरुको कोषकट्टी फांटवारी जम्मा, बिशेष सापटी भुक्तानी तथा बैङ्क दाखिला, घर सापटी, शैक्षिक सापटी, सरलचक्र कर्जा, घरमर्मत सापटीको कर्जा प्रवाह लगायत बैङ्क दाखिला समेतको जानकारी सम्बन्धित संचयकर्ताहरुलाई दिनको लागि SMS Alert सेवा शुरु गरेको छ। यस सेवाको प्रयोगद्वारा कोषमा रहेको संचयकर्ताको खाताबाट रकम झिक्दा वा बुझाएको जानकारी सम्बन्धित संचयकर्ताको मोवाइलमा प्राप्त हुने छ।

यस सेवाबाट लाभान्वित हुन सम्बन्धित संचयकर्ताले आफ्नो ब्यक्तिगत विवरण (KYC update) भरी कोषमा पेश गर्नुपर्नेछ।

# शाखा कार्यालयलाई प्रोत्साहन पुरस्कार



कर्मचारी सञ्चय कोषका प्रशासक र शाखा कार्यालय प्रमुखबीच आ.ब. २०७४/०७५मा सम्पन्न कार्यसम्पादन संझौता बमोजिम शाखा कार्यालयहरु पुरस्कृत भएका छन। संझौतामा उल्लेख गरिएका कोषको दायरा विस्तार, कोषमा प्राप्त फाँटवारीहरु सम्बन्धित कर्मचारीको खातामा इन्ट्री, बजारीकरण र घर/शैक्षिक सापटीको सावां ब्याज असुलीमा पुऱ्याएको योगदानका आधारमा शाखाहरुलाई पुरस्कृत गरिएको हो। संझौतामा उल्लेख भए बमोजिका कार्यहरु तोकिएको लक्ष अनुसार सम्पादन गरेका हुनाले शाखा कार्यालय पोखरा प्रथम, बिराटनगर र हेटौडा द्वितिय र बुटवल शाखा तृतिय भई क्रमशः ५०, ४५ र ४० हजार पुरस्कार प्राप्त गर्न सफल भएका छन।

# निजामती किताबखाना र कोषबीच समझदारी




कोषबाट संचयकर्तालाई प्रवाह भैरहेका सेवासुविधालाई थप प्रभावकारी तथा सेवाग्राहीमैत्री बनाउन निजामती किताबखाना र कर्मचारी सञ्चय कोषबीच मिति २०७५ श्रावण १८ गते सझदारी पत्रमा हस्ताक्षर भएको छ। समझदारी पत्रमा निजामती कर्मचारीको सिटरोल दर्ताकै समयमा कर्मचारी सञ्चय कोषको परिचयपत्रमा नम्बर सिर्जना गर्ने र बिद्युतीय माध्यमबाट प्रत्यक्ष सूचना आदान प्रदान गर्ने विषय समावेश गरिएको छ।

## कोष र महालेखा नियन्त्रक कार्यालयबीच संझौता

मिति २०७५ भाद्र १० गते नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय र कोषबीच फांटवारी तथा कोषकट्टी रकम संकलन सम्बन्धी समझदारी-पत्रमा संझौता सम्पन्न भएको छ। समझदारी-पत्रमा संचयकर्ता कर्मचारीको मासिक रुपमा जम्मा हुने सञ्चय कोष रकम ब्यवस्थापनमा समन्वय गर्ने, दुबै कार्यालयले प्रयोग गर्ने सूचना प्रणालीलाई एकीकृत गर्न सहयोग गर्ने, कोषकट्टी रकम समयमा नै लेखाङ्कन गर्न सहयोग गर्ने जस्ता विषयहरु समावेश गरिएको छ।

समझदारी-पत्रमा उल्लेख गरिएका विषयहरुलाई सहजीकरण गर्न सहमहालेखा नियन्त्रकको अध्यक्षतामा कोषका प्रशासक समेत रहेको सात सदस्यीय निर्देशक समिति गठन गरिएको छ। समझदारी-पत्रमा सहमहालेखा नियन्त्रक सुशिल पाण्डे र कोषका प्रशासक तुलसी प्रसाद गौतमले हस्ताक्षर गर्नु भएको थियो।



# सञ्चयकर्ता आवास योजना कार्यान्वयन हुँदै



कोषले संचयकर्ताको सुविधाको लागि नमुना आवास योजना सञ्चालन गर्ने भएको छ। कोषले सस्तो मूल्यमा कर्मचारीका लागि आवास योजना ल्याउन लागेको हो। पहिलो चरणमा चितवनमा रहेको कोषको स्वामित्वको ४ विगाह १६ कठ्ठा जग्गामा घरहरु निर्माण गर्ने योजना रहेको छ।

सरकारको चालु आर्थिक वर्षको बजेटमा कर्मचारी आवास योजना सञ्चालन गर्ने नीति अनुसार न्युनतम लागतमा निश्चित मापदण्डका आधारमा आवास निर्माण गरिने छ। कोषको केन्द्रीय कार्यालयमा मंसिर १२ मा आयोजित एक कार्यक्रममा बताइए अनुसार लागत मूल्यमा बढीमा १० प्रतिशत थप गरेर कर्मचारीलाई घरहरु बिक्री गर्ने कोषको योजना रहेको छ।

भवन निर्माण तथा आवास व्यवस्थापन विभागका प्रमुख भरतराज वस्तीका अनुसार आवास योजनाको लागि नक्सा लगायत प्रारम्भीक कार्य सुरु भइसकेको छ। ईपीसी मोडलमा घर बनाउने कोषको तयारी छ। आर्किटेक्ट इन्जिनियर राजेश थापाले योजनाका प्राविधिक पक्षबारे जानकारी दिनुभएको कार्यक्रममा विभिन्न मन्त्रालयका प्रतिनिधिहरुको उपस्थिती थियो।

यसै वर्षदेखि आवास निर्माणको काम शुरु गर्ने कोषको योजना रहेको छ। निकट भविष्यमै क्रमिक रुपमा सबै प्रदेशमा आवास योजना कार्यान्वयनमा ल्याइने योजना समेत कोषको रहेको छ।



## सार्वजनिक खरिद विज्ञहरुसँग अन्तर्क्रिया

यसैबिच, कल्याणपुर, चितवनस्थित जग्गामा निर्माण गरिने आवास योजना सम्बन्धी डिजाइन र निर्माण सम्झौताको खरिद बिधि सम्बन्धमा विज्ञहरुसँग अन्तर्क्रिया सम्पन्न भएको छ। सञ्चयकर्ता आवास निर्माण गर्नको लागि कोषबाट तयार गरी परीक्षणको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाइएको 'इन्जिनियर प्रोक्युरमेण्ट एण्ड कन्स्ट्रक्सन' (EPC) डकुमेण्टमा भएका प्रावधानहरुको सम्बन्धमा विस्तृत छलफल भएको हो। मंसिर २५ मा सार्वजनिक खरिद अनुगमन कार्यालयमा सञ्चालित कार्यक्रममा कोषका तर्फबाट प्रबन्धक पवन देउजा र आर्किटेक्ट इन्जिनियर राजेश थापाले आवास योजनाको प्राविधिक पक्षको सम्बन्धमा प्रस्तुत गर्नुभएको थियो। विभागीय प्रमुख भरतराज वस्तीले आयोजनाको नीतिगत पक्षमाथि प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा सहसचिव सुशिल कुमार कर्ण, सहसचिव यज्ञराज कोइराला, निर्देशक केशव प्रसाई, निर्देशक धर पन्थी, निर्देशक मनिष भट्टराई लगायतका विज्ञहरुको उपस्थिती रहेको थियो।

# सञ्चयकर्तालाई मध्य भोटेकोशीको शेयर




मध्य भोटेकोशी जलविद्युत कम्पनी आईपीओ बाँडफाँड भएको छ। बिक्रि प्रबन्धक ग्लोबल आईएमई क्यापिटलले पौष ४ मा एक कार्यक्रमका बिच शेयर बाँडफांड गरेको हो।


कम्पनीले संचयकर्ताको लागि १ करोड १७ लाख कित्ता शेयर निष्काशन गरेकोमा कम्तीमा ५० कित्तादेखि ५ सय कित्तासम्मका लागि आवेदन गर्न सक्ने ब्यवस्था थियो।

यस समुहमा १ लाख ३९ हजार ७ सय ७८ जना योग्य आवेदक रहेकोमा सबै सञ्चयकर्ताहरुले कम्तीमा ९० कित्ता शेयर पाएका छन् भने थप १० कित्ता सेयर पाउने सञ्चयकर्ताहरु ४ हजार ५ सय ४३ जना रहेका छन।

कम्पनीले कार्तिक २८ गतेदेखि मंसिर १४ गतेसम्म संचयकर्ताको लागि र मंसिर १९ गतेदेखि २६ गतेसम्म संस्थापक सेयरधनी संस्थाका कर्मचारीहरु तथा संचय कोषका कर्मचारीको लागि सेयर निष्काशन गरेको थियो।

# सामाजिक सुरक्षा सुविधाहरुमा बृद्धि

कोषले सञ्चयकर्तालाई उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा सुविधाहरुमा बृद्धि गरेको छ । कोष सञ्चालक समितिको मिति २०७५ भाद्र २५ को बैठकको निर्णयानुसार सामाजिक सुरक्षा सुविधाहरुमा बृद्धि गरेको छ। बृद्धि भएका सामाजिक सुरक्षा कार्यक्रमहरुमा काजकिरिया अनुदान तथा दुर्घटना क्षतिपूर्ति बापत दिइने रकम रहेका छन् ।



कोषमा नियमित रुपमा सञ्चय कोष कट्टी गरिरहेका सञ्चयकर्ताको जुनसुकै कारण मृत्यु भएको अवस्थामा प्रदान हुँदै आएको काजकिरिया अनुदान योजनाको रकममा रु. १० हजार बृद्धि गरी रु. ४० हजार कायम गरिएको छ।

त्यस्तै, कोषमा नियमित रुपमा सञ्चय कोष कट्टी गरिरहेका सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा शत्प्रतिशत अंगभंग भएमा निज वा निजको हकवालालाई प्रदान हुँदै आएको दुर्घटना क्षतिपूर्ति रकममा रु. ७५ हजार बृद्धि गरी रु. दुई लाख पुऱ्याइएको छ।

थप गरिएका उक्त सुविधाहरु मिति २०७५ कार्तिक १ देखि लागू हुने छन् ।

## शाखा कार्यालय, बिराटनगर :

# २०७५ कार्तिकसम्म सम्पादित कार्यहरुको सार संक्षेप

शाखा कार्यालय बिराटनगरद्धारा सञ्चयकर्ताको दायरा विस्तारका लागि रोजगारदाता तथा सम्बन्धित छाता संगठन एवम् श्रमिक संगठनहरुसंग अन्तरक्रिया र बजारीकरण गरी २३ संस्थाका ८७० सञ्चयकर्तालाई कोषमा आवद्ध गरिएको छ।

सञ्चयकर्तालाई छिटोछरितो र सहज सेवा प्रदान गर्ने कोषको योजना अनुरुप सञ्चय कोष कट्टी तथा सापटी कट्टीको फाँटवारी कोषको कार्यालयमा प्राप्त भएको सात दिन भित्र सम्बन्धित सञ्चयकर्ताको खातामा जम्मा भई सक्ने व्यवस्था मिलाउने लक्ष्यलाई मध्येनजर गरी फाँटवारी प्राप्त भएको २ देखि बढीमा १० दिन भित्र सम्बन्धित खातामा प्रविष्टि गर्ने गरिएको छ । यस अवधिमा प्राप्त भएको फाटवारीलाई समयमै ईन्ट्री गर्ने व्यवस्था मिलाईएकोले यस शाखा कार्यालयमा करीब ५१,००० डाटा इन्ट्रि गरि सकिएको छ । यस्तै, ८७८ सञ्चयकर्ताहरुलाई E-Service र ७८६ लाई मोवाइल एप्लिकेशनद्वारा जानकारी लिन सक्ने व्यवस्था गरिएको छ। बेचालु खाता व्यवस्थापन एवं खाता एकिकरण गर्ने कार्यलाई पनि प्राथमिकतामा राखी करिव २०० बेचालु खातालाई एकीकरण वा भुक्तानी र अन्य ४२१ खाता एकिकरण गर्ने कार्य सम्पन्न गरिएको छ।

सञ्चयकर्ताहरुलाई प्रदान गरिएको सापटी सुविधा अन्तर्गत प्रदान गरिएको घरसापटी, शैक्षिक सापटी, घर मर्मत सापटी हरुको असुल हुन बाँकी भाखा नाघेको व्याज मध्ये यो अवधिमा करीब २१ प्रतिशत अर्थात रु.५३,७४,४९९।४० असुल गरिएको छ भने नियमित तर्फको करिव रु.१ करोड १० लाख व्याज असुल भएको छ।

सञ्चयकर्ताहरुबाट पृष्ठपोषण प्राप्त गर्न, दायरा विस्ताको लागि बजारिकरण गर्न, प्राप्त फाँटवारीको शुद्धताका लागि इलष्लिभ यलकष्तभ परिचयपत्र समर्थन गर्न नेपाल सशस्त्र प्रहरी वल पाथिभरा गण दमक, आम्दा अस्पताल दमक, पूर्वी पृतना तथा नोबेल अस्पताल गई तदनुरुपको कार्य गर्नुको साथै आवश्यकता अनुसार अनौपचारिक रुपमा अन्य विभिन्न कार्यालयहरुमा गई सो सम्बन्धमा जानकारी दिईएको छ।

शाखा कार्यालय मार्फत घर सापटी, शैक्षिक सापटी, घर मर्मत तथा सरल चक्र कर्जा बिस्तार गर्न सम्भाव्यता अध्ययन गरी आवश्यकता अनुसार सापटी कार्यक्रमहरु लागु एवं विस्तार गर्दैलाने उद्देश्यले सम्भावित क्षेत्रहरुको स्थलगत भ्रमण एवं अन्तर्क्रिया गरी सापटीको क्षेत्र विस्तारको सम्भावनाका सम्बन्धमा प्रतिवेदन तयार गरिएको छ।

बाँकी पृष्ठ १२ मा ▸▸



# शाखा कार्यालय बुटवल : गतिविधि

शाखा कार्यालय बुटवलद्धारा महालेखा नियन्त्रण कार्यालयले २०७५ मंसिरमा आयोजना गरेको प्रदेश ५ स्तरिय लेखामा कार्यरत कर्मचारीहरुसँगको अन्तरक्रिया कार्यक्रम सहभागी भई "कर्मचारी सञ्चय कोषले प्रदान गरेका सेवा सुविधा, कोषका गतिविधी तथा सफ्टकपीमा फाँटवारी पठाउने" विषयमा प्रशिक्षण प्रदान गरेको छ।

कोषले हालै लागु गरेको सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बीमा तथा दाबि प्रकृयाको बारेमा राष्ट्रिय बीमा कम्पनीले बुटवलमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा शाखा कार्यालय बुटवल सहभागी भएको छ।

- **नयाँ सञ्चयकर्ता कार्यालय आवद्धता :**

शाखा कार्यालय बुटवलको कार्यक्षेत्र भित्र रहेका निजीक्षेत्रका संघ-संस्थाहरुलाई कोषमा आवद्ध गराउने क्रममा चालु आ.व. २०७५/७६ को मंसीर मसान्त सम्ममा यस शाखा कार्यालयद्धारा १० वटा नयाँ कार्यालयहरुका १४७ सञ्चयकर्ताहरुलाइ कोषमा आवद्ध गरिएको छ।

- **सापटि/भुक्तानी तथा सामाजिक सुरक्षा सेवाहरु :**

चालु आ.व. २०७५/७६ को मंसीर मसान्त सम्ममा शाखा कार्यालय बुटवलद्धारा २,११४ जना सञ्चयकर्ताहरुलाई विशेष सापटि वापत रु.३५,५४,३६,६९२।५९ र १,१९७ जना अवकास प्राप्त सञ्चयकर्ताहरुलाई रु. २०,३१,४१,८६२।११ कोष भुक्तानी गरेको छ। यसै अवधिमा सञ्चयकर्ता सामाजिक सुरक्षातर्फ प्रसुति तथा शिशु स्याहार खर्च वापत ६२९ जना सञ्चयकर्ताहरुलाई रु. ४७,१७,५००।०० , दुर्घटना क्षतिपुर्ति वापत ९ जना सञ्चयकर्ताहरुलाई रु. ११,२५,०००।०० , औषधोपचार खर्च (कडा रोग) वापत ३ जना सञ्चयकर्ताहरुलाई रु. १०६,४१९।०० , सेवा अवधिमा मृत्यु भएका १६ जना सञ्चयकर्ताहरुका हकवालालाई काजक्रिया अनुदान वापत रु. ४,९०,०००।०० , सेवा अवधिमा मृत्यु भएका निजामति तथा जंगी तर्फका २ जना सञ्चयकर्ताहरुका हकवालालाई कर्मचारी कल्याण योजना वापत रु. ३,००,०००।०० प्रदान गरिएको छ।

- **कर्जा लगानी/असुली/क्षेत्र विस्तार :**

शाखा कार्यालय बुटवलद्धारा आ.व. २०७५/७६ को मंसीर मसान्त सम्ममा घर सापटि तर्फ १०४ जना सञ्चयकर्ताहरुलाई रु. ११,५०,८१,००८।९२ , घर मर्मत सापटि तर्फ ७ जना सञ्चयकर्ताहरुलाई रु. ९९,८७,०००।०० लगानी गरेको छ। यसै अवधिमा घर सापटि तर्फ रु. ४,१७,७९,४२२।९३ , घर मर्मत सापटि तर्फ रु. ३१,६९,८९६।५३ र शैक्षिक सापटि तर्फ रु. ५६,०६,३०५।८५ कर्जा असुली तथा ५५७ जना जना सञ्चयकर्ताहरुको रु. १०,४२,१९,८९४।७३ विशेष सापटी रकम दाखिला भएको छ।

यस शाखा कार्यालयको कर्जा लगानी को क्षेत्र विस्तारको क्रममा रुपन्देही र नवलपरासी जिल्लाहरुमा भैरहेकोमा थप तथा कपिलवस्तु जिल्लामा नयाँ क्षेत्र विस्तार भएको छ।

- **परिचयपत्र समर्थन, खाता एकिकरण तथा ई-सर्भिस :**

शाखा कार्यालय बुटवलद्धारा आ.व. २०७५/७६ को मंसीर मसान्त सम्ममा १,८९८ वटा नयाँ परिचयपत्र समर्थन गरिएको छ। सञ्चयकर्ताहरुको दोहोरो खाताहरु न्युनिकरण गर्ने उद्देश्यले यस शाखा कार्यालयद्धारा यस आ.व. मा १५३ वटा कोष खाता एकिकरण गर्ने काम सम्पन्न गरेको छ। सञ्चयकर्ताहरु कोषको शाखा कार्यालयमा नआईकन कोषको वेवसाईट तथा मोबाईल एपमार्फत नै आफ्नो कोषखाताको विवरणबारे जानकारी पाउने ई-सर्भिस सेवा यस आ.व. मा १,३८९ जना सञ्चयकर्ताहरुलाई प्रदान गरिएको छ।

- **शाखा कार्यालयबाटै फाँटवारी इन्ट्रि :**

बिगतमा कोषको काठमाण्डौ स्थित ठमेल कार्यालयबाट मात्र हुदै आएको फाँटवारी ब्यक्तिगत खातामा लेखाङ्कन सम्बन्धि कार्यलाई शाखा कार्यालयहरुबाटै गर्ने ब्यवस्था गरिएकोमा शाखा कार्यालय बुटवलद्धारा आ.व. २०७५/७६ को मंसीर मसान्त सम्ममा २५,२९६ वटा डाटा इन्ट्रिसम्पन्न गरिएको छ।

- **अन्य गतिविधी :**

कोषका प्रशासक ज्यु र शाखा कार्यालय बुटवलका कार्यालय प्रमुख बिचमा शाखा कार्यालयले आ.व. २०७५/७६ मा हासिल गर्नुपर्ने ७ वटा कार्यसम्पादन लक्ष्यहरु सहित मिति २०७५/०७/११ मा हस्ताक्षर भएको छ । यस प्रकारको कार्यसम्पादन सम्भौताले शाखा कार्यालयलाई आफुले हासिल गर्नुपर्ने निर्दिष्ट लक्ष्यहरु स्पष्ट भई कार्यकुलता तथा उत्प्रेरणा अभिबृद्धि हुने विश्वास गरिएको छ।

## शाखा कार्यालय, बिराटनगर ....

कार्तिक मसान्त सम्ममा विशेष सापटी अन्तर्गत ३०७३ जना सञ्चयकर्ताहरुलाई रु. ४३,४४,९९,०३९।४६, १६१९ जनालाई रु.२३,४६,०२,६९५।२९ भुक्तानी प्रदान गरिएको छ। त्यसैगरी काजकृया अनुदान १९ जनालाई रु.५,७०,०००।-, दुर्घटना क्षतिपूर्ति ६ जनालाई रु.७,५०,०००/-, कर्मचारी वीमा ७ जनालाई ७,९०,०००/- , कर्मचारी औषधोपचार ६ जनालाई रु.१,४५,६६७/-, सुत्केरी तथा शिशु स्याहार ६७८ जनालाई रु.५०,८५,०००/- प्रदान गरिएको छ।

# सञ्चयकर्तालाई औषधोपचार बीमा ...

पृष्ठ २ बाट क्रमश..



बढीमा दुई पटकको लागि एक पटकमा रु चार हजार पाँच सयसम्मको प्रसूति खर्च प्रदान गरिने कोषले जनाएको छ। दुर्घटनाबाहेक प्रतीक्षा अवधि बीमालेख जारी भएको मितिले औषधोपचारको हकमा ३० दिन र घातक रोगको हकमा ९० दिन हुनेछ। बीमालेख नवीकरण गर्दा प्रतीक्षा अवधि लागू हुने छैन।

सञ्चयकर्ताले अस्पतालबाट घरफिर्ता भएको ३५ दिन वा बिरामी भएको ६० दिनभित्र कम्पनीलाई सोको जानकारी गराउनुपर्नेछ। दाबीको लागि आवश्यक कागजपत्रसहित सञ्चयकर्ताले कम्पनीसमक्ष अस्पतालबाट घरफिर्ता भएको सामन्यतः छ महीनाभित्र पेश गरिसक्नुपर्ने छ। शाखा कार्यालयमार्फत २५ हजारसम्मको दाबी रकमको भुक्तानी १५ दिनभित्र, रु २५ हजारदेखि एक लाखसम्मको दाबी ३० दिनभित्र र घातक रोगका लागि ४५ दिनभित्र केन्द्रीय कार्यालयमार्फत दाबी गर्न सकिने समझदारीमा उल्लेख छ।

बीमा रकम दाबी गर्न कम्पनीले तोकेको ढाँचामा सञ्चयकर्ताको निवेदन, कम्पनीबाट उपलब्ध गराइएको फारम, अस्पतालको छाप, सम्बन्धित चिकित्सकको दस्तखत र नेपाल मेडिकल काउन्सिलले उपलब्ध गराएको दर्ता नम्बर, चिकित्सको सक्कलै पूर्जा र 'डिस्चार्ज स्लिप'सहित कोषको प्रमाणित पत्र पेश गर्नुपर्नेछ।

कोष र बीमा कम्पनीबीच भविष्यमा सञ्चयकर्ताको परिवार तथा अवकाश प्राप्त सञ्चयकर्तालाई समेत समावेश गरी सम्बन्धित व्यक्तिले बीमा गर्न चाहेमा आवश्यक व्यवस्था गर्न सकिने समझदारीसमेत भएको छ।

कोषका प्रशासक गौतमले स्वास्थ्योपचार अत्यन्त खर्चिलो र महँगो बन्दै गएको अवस्थामा यस समझदारीले नेपालको इतिहासमै दीर्घकालीन र दूरगामी महत्वको राख्ने बताउनु भयो। उहाँले सामाजिक सुरक्षा कोषका रुपमासमेत स्थापित हुँदै गएको सञ्चयकर्ताको जीवनयापनलाई सहज बनाउन विभिन्न सामाजिक सुरक्षाका कार्यक्रमलाई लागू गर्दै आएको दाबी गर्नुभयो। उनले भने, "कोष सञ्चयकर्ताका लागि मात्र होइन, अब सञ्चयकर्ताका बाबु, आमा, मती, छोराछोरीलाई समेत सामाजिक सुरक्षाको दायरामा समेट्ने गरी अघि बढ्छ।" बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत रायमाझीले बीमा कम्पनीको इतिहासमा पहिलोपटक ठूलो संख्यामा बीमालेख जारी भएको बताए।

कोषले स्थापनाकालदेखि नै सञ्चयकर्ताको हितमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। हाल कोषमा छ लाख संचयकर्ता छन्।

# पर्यटन भ्रमण कार्यविधि लागू

कोष सञ्चालक समितिले कोषका कर्मचारीबाट गरिने आन्तरिक पर्यटन भ्रमणलाई प्रवर्धन र व्यवस्ति गर्न नयाँ पर्यटन भ्रमण कार्यविधि स्वीकृत गरेको छ।

कार्यविधि अनुसार कोषमा प्रचलित दैनिक तथा भ्रमण भत्ता सम्बन्धि कार्यविधि बमोजिम तोकिएको दैनिक भ्रमण भत्ता, यातायात खर्च र फुटकर तथा भैपरी आउने खर्च समेत समावेश गरी र्यटन भ्रमण खर्च अधिकतम २५ हजार सम्म स्वीकृत हुनेछ। यसमा फुटकर तथा भैपरी आउने खर्चको अधिकतम सीमा १८ हजार रुपैयाँ सम्म हुनेछ भने यातायात खर्च बापत विल पेश गर्नुपर्ने गरी बढीमा १९ हजार सम्म दावी गर्न सकिने छ, तर यातायात खर्च र फुटकर तथा भैपरी आउने खर्चको अधिकतम सीमा भने १९ हजार भन्दा बढी हुने छैन।

२०७५ कार्तिक २६ को परिपत्रअनुसार जारी सो कार्यविधि सोही मितिदेखि लागू भएको छ।

# गुनासो सुन्ने एकाई गठन

कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली अनुसार कोषका कर्मचारहिरुको पिरमर्का तथा गुनासो सुन्नको लागि एक गुनासो सुन्ने इकाई गठन गरिएको छ।

मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभागको विभागीय प्रमुख संयोजक रहेको इकाईमा मानव संशाधन व्यवस्थापन महाशाखाको बरिष्ठ प्रबन्धक, सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभागको प्रशासन हेर्ने बरिष्ठ प्रवन्धक र मानव संशाधन व्यवस्थापन शाखाको प्रवन्धक सदश्य रहेका छन।

# नयाँ विद्युतीय हाजिरी प्रणाली




कर्मचारी सञ्चय कोषको पुल्चोक, ठमेल र सिंहदरबारस्थित कार्यालयहरुमा २०७५ मंसिर २ गतेदेखि नयाँ विद्युतीय हाजिरी प्रणाली लागु भएको छ। विद्युतिय हाजिरी प्रणालीलाई थप परिमार्जन र व्यवस्थित रुपमा लागु गर्न नयाँ हाजिरी प्रणाली लागु भएको हो।

कोषका कर्मचारीहरुको हाजिरी प्रणालीलाई व्यवस्थित बनाउन एवं कार्यालयको कामप्रति कर्मचारीलाई जिम्मेवार र जवाफदेही बनाउने उद्देश्यले यस अघि नै विद्युतीय हाजिरी प्रणाली लागु भैसकेको भए पनि नविनतम प्रविधिको उक्त हाजिरी प्रणालीमा आवद्ध हुन कर्मचारीहरुले औंठा छापलाई अद्यावधिक गर्नुपर्ने मानव संसाधन विभागले जनाएको छ।




कोषको मानव संशाधन योजना तथा विकास शाखाद्वारा Asian Institute of Technology (AIT), Thailand मा २५ देखि २७ सेप्टेम्बर, २०१८ सम्म सञ्चालन भएको "Professional Development Course on Customer Service Management" बिषयक तालिममा सहभागी हुनु भएका अधिकृतहरुको तर्फबाट कार्यक्रममा हासिल गरेका विषयगत ज्ञान तथा अनुभव आदान प्रदान गर्न Knowledge Sharing कार्यक्रम सञ्चालन भएको छ। कार्यक्रम मिति २०७५ कार्तिक १६ गते कोषको पुल्चोकस्थित तालिम हलमा सम्पन्न भएको थियो। कार्यक्रममा प्रोफेसनल डिभलपमेन्ट कोर्स अन कस्टमर सर्विस मेनेजमेन्ट विषयक तालिममा सहभागी अधिकृतहरुको समूहबाट विषयत ज्ञान तथा अनुभवको आदान प्रदान गरीएको छ। कार्यक्रममा कोषमा कार्यरत कर्मचारीहरुको सहभागिता रहेको थियो। तालिमका सहभागीमध्ये ब.शा.अ. कृष्ण सुवेदी, ब.शा.अ. उमेश सुवेदी र शा.अ. ओजस्वी गौतमले बेग्लावेग्लै भ्रमण जानकारी पत्र प्रस्तुत गर्नु भएको थियो।

> "सुनिश्चित भविष्यको लागि कर्मचारी सञ्चय कोष"

# प्रथम चौमासिक समीक्षा तथा बरिष्ठ कार्यकारी मञ्चको बैठक

कोषले प्रथम चौमासिक समीक्षा बैठक एवं बरिष्ठ कार्यकारी मन्चको अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । योजना,अनुगमन तथा मुल्याङ्कन विभागको आयोजनामा २०७५ पौष ६ र ७ गते गोदावरीमा सञ्चालित कार्यक्रम कोषका प्रशासक तुलसी प्रसाद गौतमको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो । कार्यक्रममा कोषका मुख्य अधिकृतद्वय, विभागीय प्रमुखहरु, शाखा प्रमुखहरु , कोषमा क्रियाशील कर्मचारी संगठनका प्रतिनिधिहरु सहित कोषका उच्च अधिकृतहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको पहिलो सत्रमा योजना,अनुगमन तथा मुल्याङ्कन विभागका प्रमुख विष्णु प्रसाद पौडेलद्वारा कार्यक्रमको विषयमा जानकारी प्रदान गर्दै स्वागत भाषण गर्नु भएको थियो भने प्रशासक तुलसी प्रसाद गौतमले कार्यक्रमको औपचारिक उद्घाटन र समीक्षा बैठक एवं बरिष्ठ कार्यकारी मन्चलाई प्रभावकारी तवरमा संचालन गर्न निर्देशन दिनु भएको थियो । कार्यक्रमको दुबै सत्रलाई मोड्रेटरको रुपमा मुख्य अधिकृत राजेन्द्र काफ्लेले अगाडि बढाउनु भएको थियो । उहाँले आ.बं २०७५।०७६ को प्रथम चौमासिक समीक्षा बैठकमा कोषका दशवटै विभाग , नौवटा शाखा कार्यालयहरु र सेवा केन्द्रको प्रगति समीक्षा प्रस्तुत गर्नु भयो ।

दोश्रो दिनको कार्यक्रम सुधन ज्ञावालीले एप्रिसिएटिभ इन्क्वायरीबाट शुरु गर्नुभयो । बरिष्ठ कार्यकारी मन्चको तर्फबाट पांचवटै समुहले आ–आफ्नो समुहका संयोजक/सहसंयोजक/सदस्यहरुबाट आ–आफ्ना कार्यपत्रहरु पेश भए ।

कार्यक्रमको अन्त्यमा नि.मु.अ. जितेन्द्र धिताल, नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष राम प्रसाद राई, सञ्चय कोष कर्मचारी संघका अध्यक्ष धर्मराज मैनाली र नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष अर्जुन आचार्यले आ–आफ्नो धारणा राख्नु भयो । समापन मन्तब्यमा प्रशासक तुलसी प्रसाद गौतमले समीक्षा बैठकमा प्रस्तुत प्रगती विवरणहरुलाई सन्तोष मानेर बस्ने अवस्था नरहेको र आगामी समीक्षा बैठकमा सबै युनिटले अपेक्षित लक्ष्य हासिल गर्ने विश्वास ब्यक्त गर्दै कोषले चितवनमा संचयकर्ताहरुको लागि आवास आयोजना संचालन गर्न लागेको जानकारी गराउनु भयो ।

# सापटी क्षेत्र विस्तार



जनकपुर उपमहानगरपालिका क्षेत्रभित्र मोटर बाटो रहेका क्षेत्रमा लागु रहेको शैक्षिक सापटीलाई घर सापटीको हकमा पनि लागु हुने गरी परिपत्र गरिएको छ । परिपत्र अनुसार सो सापटी कार्यको व्यवस्थापन शाखा कार्यालय जनकपुरबाट हुने छ । यसअघि सो क्षेत्रको शैक्षिक सापटी व्यवस्थापन शाखा कार्यालय, हेटौडा मार्फत हुँदै आएको थियो ।

यसैगरी, कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता सापटी कार्यविधि, २०७३ को अनुसूची २० (क) मा कोषको शाखा कार्यालय, पोखराको कार्यक्षेत्र अन्तर्गत विभिन्न स्थानहरु थप गरिएका छन । जसमा कास्की जिल्ला पोखरा महानगरपालिका भित्र पर्ने क्षेत्रहरु, लमजुंग स्थित सुन्दर बजार र बेशिशहर नगरपालिका अन्तर्गतका क्षेत्रहरु, गोरखा स्थित पृथ्वीनारायण र पालुंगटार नगरपालिका अन्तर्गतका क्षेत्रहरु, तनहुँ जिल्ला स्थित भानु नगरपालिका बन्दिपुर गाउँपालिका, म्याग्दे गाउँपालिका र भिमाद नगरपालिका अन्तर्गतका क्षेत्रहरु, स्याँग्जा जिल्ला स्थित पुतली बजार, भिरकोट र वालिंग नगरपालिका अन्तर्गतका क्षेत्रहरु, पर्वत जिल्ला स्थित कुश्मा नगरपालिका अन्तर्गतका क्षेत्रहरु र वाग्लुंग जिल्लाको वाग्लुंग नगरपालिका अन्तर्गतका क्षेत्रहरु रहेका छन् ।

# कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

## वित्तीय अवस्था (अपरिष्कृत)

२०७५ आश्विन मसान्त

रकम रु. लाख

| विवरण | २०७५/७६ आश्विन मसान्त | २०७४/७५ आषाढ मसान्त |
|---|---|---|
| **१. कोषको स्रोत** | | |
| सञ्चय कोष | २,८७१,०६६ | २,७८७,५३० |
| मुनाफाबाट सिर्जना गरिएकोजगेडा तथा अन्य कोष | १०९,३५८ | १००,१६८ |
| पूँजीगत जगेडा कोष | - | - |
| दायित्वहरु | ११,६९३ | ११,४०८ |
| व्यवस्थाहरु | २३,३४६ | २३,०६९ |
| **जम्मा** | ३,०१५,४६३ | २,९२२,१७५ |
| **२. कोषको उपयोग** | | |
| नगद तथा बैंक मौज्दात | ४४,२५५ | ३,५३० |
| राष्ट्रिय बचतपत्र तथा ऋणपत्रमा लगानी | १४४,६१२ | १४४,६१२ |
| मुद्दती निक्षेपमा लगानी | ५५२,०७७ | ५४६,८९२ |
| डिवेन्चरमा लगानी | - | - |
| शेयरमा लगानी | ५३,८०४ | ५४,८९६ |
| परियोजना कर्जा | ४७७,७२७ | ४५८,९६१ |
| सञ्चयकर्ता सापटी | १,६९९,९२१ | १,६७२,७१३ |
| आवास परियोजनामा लगानी | - | - |
| स्थिर सम्पत्तिमा लगानी | ६,९४२ | ७,०१२ |
| स्थिर सम्पत्ति | ४,५१० | ४,५२९ |
| निर्माणाधीन सम्पत्ति | १०० | ५१ |
| विविध सम्पत्ति | ३१,५१५ | २८,९७९ |
| **जम्मा** | ३,०१५,४६३ | २,९२२,१७५ |


*उपरोक्त विवरण अन्तिम लेखापरीक्षण हुन बाँकि रहेको ।

## संचयकर्ताको दायरा विस्तार

संचयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभागले चालु आ.ब.२०७५/०७६ को मंसिर मसान्तसम्म ५९१ वटा विभिन्न कार्यालयका ४२,७२७ जना नयाँ संचयकर्ता कर्मचारीहरुलाई कोषमा आबद्ध गरेको छ । जसमा निजामती ५९३०, प्रहरी १०५७, नेपाली सेना २०३८, शिक्षा १७८१ र संघसस्थान २२७६५ जना रहेका छन । यस आर्थिक वर्षमा उक्त विभागले एक लाख संचयकर्तालाई कोषमा आबद्ध गर्ने लक्ष्य लिएको छ ।

कोष गतिविधि

# जेष्ठ नागरिकलाई पेन्सन प्रणालीबाट सामाजिक सुरक्षा प्रदान गर्न सकिने



कुनै पनि देशमा बृद्ध अवस्थामा पुगेका कर्मचारी लगायत जेष्ठ नागरिकलाई पेन्सन प्रणालीको माध्यमबाट सामाजिक सुरक्षा प्रदान गर्न सकिने बताइएको छ।

कर्मचारी सञ्चय कोष, केन्द्रीय कार्यालयको मिटिंग हलमा आयोजित एक कार्यक्रममा पेन्सन विज्ञ फागुमान सिंहले सो कुरा बताउनु भएको हो। २०७५ मंसिर ३ गते आयोजित कार्यक्रममा सिंहले कुनै पनि देशमा विद्यमान आंसिक रोजगारी वा बेरोजगारीका कारण न्युन अथवा शुन्य आयका वृद्धहरुको बढदो जनसंख्या त्यो देशका लागि ठूलो समस्या बन्न सक्ने औंल्याउँदै वृद्ध नागरिकहरुलाई प्रदान गरिने आय सहयोगका कार्यक्रमहरुले वास्तविक रुपमा सामाजिक सुरक्षाको अवधारणालाई सहयोग पुग्न सक्ने बताउनु भयो।

एउटा राम्रो पेन्सन कार्यक्रमको सुरुवातले कुनै पनि देशमा सुरक्षित आयको स्थानान्तरण हुन गई नागरिकहरुलाई समायोजन सहितको मृत्यु पर्यन्त आवधिक भुक्तानी जस्ता कार्यक्रम मिल्न जाने हुँदा यसतर्फ काम थाल्न ढीला गर्न नहुने सिंहको सुझाव थियो।

आइएलओ रिपोर्ट २०१५, वृद्ध पेन्सन अनुसार कुल १७८ देशमध्ये १६६ देश (९३ प्रतिशत) ले कानूनी रुपमा आवधिक नगद सुविधा उपलब्ध गराउन प्रतिबद्धता जनाएका छन। वृद्ध पेन्सनमा आवद्ध नभएका देशहरुले राष्ट्रिय कानूनको माध्यमबाट आवधिक नगद सुविधा दिइ रहेका छन। १२ (७ प्रतिशत) मध्ये ११ देशले सञ्चय कोषको व्यवस्था गरेका छन। योगदानमा आधारित पेन्सन कार्यक्रम ७७ (४३ प्रतिशत) देशमा लागु रहेको बताइएको छ। योगदान रहित सुविधा ३ देशमा रहेको छ भने विश्वमा यस्तो देशको संख्या ९ रहेको छ। योगदान र योगदान रहित संयुक्त स्वरुपका पेन्सन कार्यक्रम ५०(२८ प्रतिशत) रहेको छ। आइएलओ २०१७ का अनुसार विश्वमा वृद्ध सुरक्षा कार्यक्रममध्ये एकता र सामुहिक लगानीमा आधारित सार्वजनिक कार्यक्रमहरुको विस्तार रहेको छ।

कुनै पनि देशले कस्तो प्रकारको पेन्सन प्रणाली अपनाउने भन्ने विषयमा धेरै मोडलहरुको विकास भए पनि योगदानमा आधारित, सुविधामा आधारित, सञ्चय कोष व्यवस्था लगायतका मोडलमध्ये योगदानमा आधारित पेन्सन प्रणाली आर्थिक रुपले दिगो, भरपर्दो र बृद्धहरुको आवश्यकतालाई धेरै हदसम्म सम्बोधन गर्न सक्ने भएको सिंहको दावी थियो। गरिव तथा न्युन आय भएका देशमा पेन्सन कार्यक्रम समान रुपमा लागु गर्न थुप्रै प्रकारका चुनौति विद्यमान रहेको शन्दर्भमा यसलाई आर्थिक विकास एवं सरकारको जिम्मेवारी तहत प्राथमिकताको आधारमा चरणबद्ध रुपमा लागु गर्दै जाँदा सहज हुने सिंहको सुझाव थियो।

ज्ञान विज्ञानको विकास, जनताको स्वास्थ्य अवस्थामा सुधार लगायत लगायतका कारणले वृद्ध नागरिकहरुको जनसँख्यालाई सुरक्षित बनाउन र उनिहरुको योगदानलाई मनन गरी सामाजिक सुरक्षाको आवरणमा समेटन सरकारले आर्थिक भार नहुने गरी पेन्सन जस्ता बृहत र न्यायपयोगी कार्यक्रमलाई निरन्तरता दिन सक्नुपर्ने सिंहले बताउनु भयो।

सिंहले अन्तर्राष्ट्रिय श्रम संगठनको कन्सल्टेन्टका रुपमा कार्य गर्दै आउनु भएको छ।

## ISSA को कार्यक्रममा सहभागिता

International Social Security Association (ISSA) को ISSA Regional Social Security Forum for Asia and the Pacific ले मलेसियाको राजधानी क्वालालम्पुरमा मिति २०७५ असोज १६ देखि १८ सम्म सञ्चालन भएको अन्तरास्ट्रिय कार्यक्रममा कोषका प्रशासक तुलसी प्रसाद गौतम, मुख्य अधिकृत राजेन्द्र काफ्ले र का.मु वरिष्ठ प्रबन्धक (प.वि) मदन सुवेदीको सहभागिता भएको छ।

यसैगरी, नेदरल्याण्डको हेगमा ३१ अक्टोटर देखि १ नोभेम्वर २०१८ मा आयोजना भएको पेन्सन एण्ड इन्भेष्टमेण्ट वर्ल्ड पेन्सन समिट २०१८ मा कोषका सञ्चालक प्रा.डा. डिल्लीराज शर्मा र प्रशासक तुलसी प्रसाद गौतम सहभागी हुनुभएको छ।

## अधिकृतस्तरीय सेवाकालीन तालिम

मिति२०७५कार्तिक२८देखि३०कार्यदिनकोसेवाकालीनअधिकृतस्तरीयव्यवस्थापनविकासतालिमकार्यक्रमNepal Administrative Staff College जावलाखेल, ललितपुरमा संचालन भएको छ। जसमा २८ जना अधिकृतहरु मनोनयन हुनुभएको छ।

## सामाजिक सुरक्षा सम्बन्धी तालिममा सहभागी

Pandit DeenDayal Upadhyaya National Academy of Social Security, New Delhi, India मा २०१८ अक्टोबर २२ देखि २६ सम्म सञ्चालन हुने International Training Programme on "Management of Social Security Systems" बिषयक तालिमा कोषका नायव मुख्य अधिकृत अर्जुन कुमार गौतम, का.मु.नायव मुख्य अधिकृत रोचन श्रेष्ठ, बरिष्ठ शाखा अधिकृत कृष्ण बहादुर जि. सि. र बरिष्ठ शाखा अधिकृत हरि कृष्ण कार्की सहभागी हुनु भएको छ।


**कर्मचारी सञ्चय कोष**

केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर, फोन नं. : ०१ ५०१०१८०

website : www.epfnepal.com.np, email: enewsletter@epfnepal.com.np



**सम्पादन समूह :**

का.मु.नायव मुख्य अधिकृत श्री विष्णुप्रसाद पौडेल, बरिष्ठ प्रबन्धक श्री दिनेश के सी, बरिष्ठ प्रबन्धक श्री दामोदर सुवेदी, का.मु. बरिष्ठ प्रबन्धक श्री शान्ता गौतम, शाखा अधिकृत श्री ओजस्वी गौतम, शाखा अधिकृत श्री राजेन्द्रविक्रम के सी